
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्नै छ । 100% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २५५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज ९ गते मंगलबार ❑ 26 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## नेपाल र चीनबीच १३ विषयमा सम्झौता र समझदारी

**रासस**
काठमाडौं, ८ असोज

नेपाल र चीनबीच विभिन्न १२ वटा सम्झौता र एउटा समझदारी पत्रमा हस्ताक्षर भएको छ । चीन भ्रमणमा रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र उहाँका चिनियाँ समकक्षी प्रधानमन्त्री लि छ्याङबीच सोमबार ग्रेट हल अफ दी पिपलमा भएको द्विपक्षीय वार्तापछि विभिन्न विषयमा सहमति तथा सम्झौता भएको हो ।



विभिन्न मन्त्रालय अन्तर्गतका ती सम्झौताका सहमतिपत्रमा नेपालका तर्फबाट सम्बन्धित मन्त्रालयका सचिव तथा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ। चीनको राष्ट्रिय विकास र सुधार आयोग र नेपालको राष्ट्रिय योजना आयोगबीच सहकार्यका लागि सम्झौता भएको छ । सो सम्झौतामा आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ र चिनियाँ अधिकारीले हस्ताक्षर गर्नुभयो । नेपालको उत्तरी पहाडी क्षेत्रमा विभिन्न वस्तुको उत्पादन र वितरणसम्बन्धी सन् २०१७ को नेपाल-चीन समझदारीपत्र राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच आदानप्रदान भएको छ।

चीनको राष्ट्रिय विकास तथा सुधार आयोग र नेपालको अर्थमन्त्रालयबीच डिजिटल अर्थतन्त्र बढाउने विषयमा सहकार्यका लागि सम्झौता भएको छ । त्यसैगरी चीनको उक्त आयोग र नेपालको वन तथा वातावरण मन्त्रालयबीच हरित तथा न्यून कार्बन विकासका लागि सहकार्य गर्ने विषय राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ। त्यसैगरी चीनको कृषि तथा ग्रामीण सम्बन्ध मन्त्रालय र नेपालको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच कृषि, पशुपन्छी र माछापालनको विकासका लागि सहकार्य गर्ने विषयका लागि पनि सहमति भएको छ । यसमा कृषि तथा पशुपन्छी मन्त्रालयका पशुपन्छी विकास सचिव डा रेवती रमण पौडेल र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ।

चीनको वाणिज्य मन्त्रालय र नेपालको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबीच सन् १९८१ मा भएको चीन नेपाल व्यापार र भुक्तानी सम्झौताको समीक्षा र परिमार्जनका लागि संयुक्त प्राविधिक कार्यसमूह गठन गर्ने विषयमा पनि सहमति भएको छ। सो सहमतिपत्रमा वाणिज्य तथा आपूर्ति सचिव मधुकुमार मरासिनी र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ । सो अवसरमा चीनको सामान्य प्रशासन, भन्सार मन्त्रालय र नेपालको कृषि र पशुपन्छी विकास मन्त्रालयबीच नेपालबाट चीनमा औषधि उत्पादनका लागि वनस्पति निर्यातसम्बन्धी प्रोटोकलमा सहमति भएको छ । उक्त प्रोटोकलमा कृषि तथा पशुपन्छी मन्त्रालयका पशुपन्छी विकास सचिव डा रेवती रमण पौडेल र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ । चिनियाँ प्रेस तथा प्रकाशन विभाग र सस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच प्राचीन ग्रन्थ अनुवाद र प्रकाशन गर्ने विषयमा सहमति भएको छ । सो सहमतिपत्रमा राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र चीनको विज्ञान तथा प्रविधि मन्त्रालयबीच विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा सहकार्य गर्ने विषयमा सम्झौता भएको छ। सो सम्झौतामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सुरेश अधिकारी र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ । साथै प्रकोप सामग्री, मानव संशाधन र हिल्सा-सिमकोट सडक परियोजनाका विषयमा राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच सहमतिपत्रमा हस्ताक्षर भएको छ।

## मणिपाल अस्पतालमा एक महिलाको मृत्यु पछि अस्तालमा तनाव

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

पोखराको मणिपाल शिक्षण अस्पतालमा उपचारकै क्रममा एक महिलाको मृत्यु भए पछि अस्पतालमा तनाव उत्पन्न भएको छ । लमजुङ सुन्दर बजारकी ५७ बर्षीया सुकमाया दुराको उपचारकै क्रममा सोमबार मृत्यु भए पछि अस्पतालमा तनाव उत्पन्न भएको हो ।



अस्पतालका स्वास्थ्यकर्मी एवं विद्यार्थी र पिडिताका आफन्त बिच भनाभन र नारा बाजी हुँदा एक आपसमा पानीका वोतल हानाहान समेत भएको थियो । आइतबार दिउँसो करिब ४:०० बजे जसो उपचार गर्न अस्पताल आएकी दुराको सामेबार दिउँसो करिब ३:०० बजे अस्पतालले उहाँलाई मृत घोषणा गरे पछि अस्पतालमा विभाद उत्पन्न भएको हो । आफै हिडेर अस्पताल पुगेकी बिरामीको मृत्यु भएको कारण माग्दा अस्पताल प्रशासनले दादागिरी देखाएको पिडितका आफन्त नविन लामाले आरोप लगाउनु भयो । उच्च रक्तचापका कारण उपचार गर्न आएकी बिरामीको अस्पतालले आफुखुसि शल्यकृया गरी औषधि दिएको लामाले दाबी गर्नु भयो । दुराको मृत्यु हुने कारण सहित दोषी उपर कारवाहीको माग गर्दा अस्पताल प्रशासनले आफुहरु माथि जाई लागेको पिडितका आफन्त लामाले बताउनु भयो । उपचारकै क्रममा मृत्यु हुने घटनालाई आफुहरुले सत्य तथ्य घटना बारे बुझ्न खोज्दा आफुहरुका ३ जनालाई अस्पताल प्रशासनले बन्धक बनाएको आरोप लगाउनु भयो । लेखमान दुरा, विनय गुरुङ र शिवना गुरुङलाई अस्पतालले बन्दक बनाएका कारण अस्पतालमा थप तनावको अबस्था सृजना भएको लामाले बताउनु भयो । लमजुङ अस्पतालमा सामान्य उपचार पछि उच्च रंक्तचाप भएको कारण थप उपचारको लागि मणिपाल ल्याईएको पिडितका आफन्तले बताउनु भएको छ। अस्पताल भित्र अस्पतालकै स्वास्थ्यकर्मी एवं बिद्यार्थी र पिडितका आफन्तहरु बिच सोमबार साँझ देखि यो समाचार तयार पर्दा बेलुका ९:०० बजेसम्म एक आफसमा भनाभन हुदै पानीका वोतलले एक आपसमा हानाहान भएको थियो। अस्पतालका स्वास्थ्यकर्मी तथा बिद्यार्थी र पिडित बिच झडप हुँदा अस्पतालमा उपचार गर्न पुगेका विरामी तथा उनका कुरुवाहरु समेत त्रसित हुनु भएको छ । घटनाको बिषयमा अस्पतालका संचालक नारायण पौडेलले पिडितका आफन्तहरुले अस्पतालका डा.अनिल शाह माथि हातपात भएको बताउनु भयो । उक्त घटनाको बिषयमा कानून बमोजिम दोषी उपर कारवाही हुने उनले बताउनु भयो।

पोखरा ५ मालेपाटनका ३४ बर्षका विनय गुरुङलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता एवं डिएसपी श्रवण कुमार बि.क.ले बताउनु भयो । सिसि क्यामरा फुटेजका आधारमा उहाँलाई अस्पतालका चिकित्सक माथि हातपात गरेको आरोपमा पक्राउ गरिएको बताइएको छ।

## स्थानीय तह कर्मचारी संठनले बुझायो २७ बुँदे माग राख्दै ज्ञापनपत्र

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

पोखरा महानगरपालिका स्थानीय तह कर्मचारी संगठनले २७ बुँदे माग राख्दै ज्ञापनपत्र बुझाएको छ ।



महानगरका कार्यालय अन्तर्गत कार्यरत कर्मचारीहरुको सेवा शर्त सुबिधा र वृत्ति बिकासको विषयलाई समेटेर ज्ञापनपत्र बुझाएको हो । राज्य पुनःसंरचना पश्चात हालसम्म पनि पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, विभिन्न महाशाखाहरु, शाखाहरु, वडा कार्यालयहरु, सेवा केन्द्रहरु, अस्पताल तथा स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण हुन नसकिरहेको सन्दर्भमा सरोकारवालाहरुको अर्थपूर्ण संलग्नता र सहभागितामा तत्काल पूर्ण रुपमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारीहरुको दरबन्दी एकिन गरि पदपूर्ति गर्नुपर्ने, महानगरमा विगत लामो समयदेखि अस्थायी, करार, सेवा कराररज्यालादारीमाकार्यरतसयौको संख्यामा रहेका कर्मचारीहरुलाई हरेक ६/६ महिनामा म्याद थपका बिषयमा अन्योल सृजना हुने गरेकोले म्याद समाप्त हुनुभन्दा १५ दिन अगावै सो बारेमा निर्णय हुने व्यवस्था हुनुपर्ने माग राख्दै ज्ञापनपत्र बुझाइएको स्थानीय तह कर्मचारी संगठनका अध्यक्ष हरिलाल आचार्यले बताए । ज्ञापनपत्रमा २०६४ साल असोज मसान्तसम्म साविक स्थानीय निकायमा अस्थायी, करारमा कार्यरत कर्मचारीहरुलाई प्रकृया पुरा गरी स्थायी गर्नका लागी उच्च अदालत पोखराबाट सम्बत २०७२ सालको रिटमा भएको परमादेशको आदेश एवम सो आदेशको कार्यान्वयन सम्बन्धमा उच्च अदालत पोखराको सम्बत २०७८ सालको अदालतको अवहेलना मुद्दामा तिन महिनाभित्र कार्यन्वयन गरी सोको जानकारी दिन भएको आदेश लगायतका सम्पूर्ण फैसलाहरु तत्काल कार्यान्वयन गरी विधिको शासन स्थापित हुनुपर्ने माग गरिएको छ।

त्यस्तै करारको विकल्प करारमा नयाँ कर्मचारी भर्ना हुनै सक्दैन तसर्थ हाल करार, सेवा करार, अस्थायी, ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई एक पटकको लागी उमेरको हद नतोकी निश्चित प्रकृया पुरा गरी स्थायी गर्ने र स्थायी हुन नसक्ने कर्मचारीहरुलाई सुबिधा सहित सम्मानजनक विदाईको व्यवस्था गर्नुपर्ने, महानगरमा कार्यरत सबै प्राविधिक कर्मचारीहरुलाई प्राविधिक ग्रेड पाउने व्यवस्था हुनुपर्ने माग गरिएको छ । कर्मचारी समायोजन ऐन २०७५ अनुसार स्थानीय तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरु र साविक स्थानीय निकायका स्थायी कर्मचारीहरुलाई निजामती सेवाका अन्य कर्मचारी सरह तहवृद्धिको व्यवस्था हुनुपर्ने साथै समायोजनका क्रममा तोकिएको अवधि नपुगी तह वृद्धि हुन नसकेका निजामती कर्मचारीलाई अवधि पुगेकै मितिबाट तह वृद्धिको व्यवस्था हुनुपर्ने, साविकमा पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तर्गत कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन भत्ता प्रदान गरिंदै आएकोमा कोभिड-१९ लगायतको महामारीको कारण जनाई उक्त भत्ता कटौती गरिएकोमा सो प्रोत्साहन भत्तालाई निरन्तरता दिनुपर्ने ज्ञापनपत्रमा उल्लेख गरिएको छ । कर्मचारी समायोजन ऐन २०७५ अन्तर्गत स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई स्थानीय तहमा कार्यरत रहंदासम्म निरन्तर समायोजन ग्रेड यथाबत रुपमा प्रदान गर्नु पर्दछ (स्तरवृद्धि, तहवृद्धि, बढुवा भएतापनि) समायोजन ग्रेड विशेष परिस्थितिमा प्रदान गरिएको सुबिधा भएकोले यसलाई नियमित ग्रेडमा गणना नहुने सुनिश्चित गर्नुपर्ने साथै निजामती किताबखानाले तत्सबन्धमा हालसालै गरिएको निर्णय तत्काल कार्यान्वयन गर्नुपर्ने अध्यक्ष हरिलाल आचार्यले बताए । अगाडी थपे कर्मचारी समायोजन ऐन २०७५ को दफा (८) (९) (१४) र दफा (१५) को उपदफा (१) को देहाय (क) को व्यवस्थाको प्रतिकुल हुने गरी प्रदेश कितावखानामा कर्मचारीहरुको वैयक्तिक विवरण अध्यावधिक नगरीकनै र संघिय निजामती सेवा ऐन र संघिय स्वास्थ्य सेवा ऐन जारी नभईकनै सम्बन्धित स्थानीय तहको दोहोरो सहमति र सम्बन्धित कर्मचारीको निवेदनको आधारमा रिक्त स्थानमा बाहेक अन्य कर्मचारीको सरुवा नगर्नको लागि पोखरा महानगरपालिकाको तर्फबाट गण्डकी प्रदेश सरकारमा लेखी पठाउनु पर्ने माग समेत कर्मचारीको छ । यस्तै पोखरा महानगरपालिकामा कार्यरत कर्मचारीहरुको महानगरपालिका नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका महाशाखाहरु, शाखाहरु, ईकाईहरु, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुमा कार्य जिम्मेवारी तोक्दा पहुँच र आग्रह वा पूर्वाग्रहका आधारमा नभई योग्यता, क्षमता, कार्यदक्षताका आधारमा व्यवस्थापन गर्नुपर्ने साथै कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणालीको विकास गर्नुपर्ने, महाशाखाहरु, शाखाहरु, ईकाईहरु, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुमा कार्य जिम्मेवारी तोक्दा कर्मचारीको मर्यादाक्रममा असर नपर्ने गरी कर्मचारीको चेन अफ कमाण्ड कायम हुने गरी जिम्मेवारी तोक्नुपर्ने ज्ञापनपत्रमा उल्लेख छ।

## गण्डकी एमाले अधिवेशन असोज १५ र १६ मा


**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

नेकपा (एमाले) प्रथम गण्डकी प्रदेश अधिवेशनको तयारीमा जुटेको छ।

प्रदेशका ८५ वटै पालिकामा प्रतिनिधि छनोटको प्रक्रिया चलिरहेको एमाले गण्डकी प्रदेश कमिटिका सचिव धनञ्जय दवाडीले जानकारी दिनुभयो। सर्वसम्मत नभए मतदानको प्रक्रियाबाट प्रतिनिधि चुनिने उहाँले बताउनुभयो । "नौ सय बढी प्रतिनिधिले अधिवेशनमा


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गोमा पराजुलीको आत्मसंस्मरणको भिरको बाटो पोखरामा परिचर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

पोखरा जस्तो शिक्षित र विकसित शहरको मुख्य भाग चिप्लेढुंगा नजिक घर भएकी एक महिलाको आफ्नो सत्य घटनामा आधारित भएर लेखिएको आत्मसंस्मरणको परिचर्चा गरि रहदा सहभागीहरुलाई नै भावुक बनायो ।

पोखरा ४ गैह्रापाटन निवासी एक गोमा पराजुलीले आफ्नै सत्य घटनामा आधारित भएर लेखिएको आत्मसंस्मरण भीरको बाटो पुस्तक परिचर्चा कार्यक्रममा सहभागीहरुले आमा जस्तो व्यक्तिलाई आफ्नो घर परिवारबाट पटक पटक वचन र व्यवहारले मारिनु परेको आत्मावृतान्त सुनेर सहभागीहरु नै भावुक हुन पुगेका हुन् ।

शहर क्षेत्रमा त यस्तो अबस्थाको कथा व्यथा रैछ भने हाम्रा हिमाल, पहाड र तराई क्षेत्रका विकट क्षेत्रमा साँच्चै महिला त्यस माथि आमाहरुले प्रायः यस्तै दुःख कष्ट सहनु परेको छ त केही परिवारको असैय व्यवहारले घर छाडेर हिडेका थुपै घटनाहरु हाम्रा सामु रहेका छन्। परिवर्तनका लागि कार्य नेपाल कास्की र गोमा फाउण्डेशनको आयोजनामा तथा स्टडी सर्कल सोसाइटी, पोखराको संयोजनमा भएको भीरको बाटो पुस्तक परिचर्चा कार्यक्रममा वोल्दै वक्ताहरुले गोमाले भोग्नु परेको पिडा देशका अन्य कुनै आमाहरुले भोग्न नपरोस यो पुस्तक सबैका लागि प्रेरणाको श्रोत होस भन्ने कामना समेत गरे । पृथ्वीनारायण क्याम्पसका पूर्व क्याम्पस प्रमुख गेहेन्द्रेश्वर कोईरालाले उक्त कार्यक्रममा बोल्दै जीवनको यथार्थमा आधारित दुःख पीडा सत्य घटनामा आधारित भएको बताए। हाल देशमा आएको लोकतन्त्रले समावेसीको कुरा गर्दा हरेक क्षेत्रमा घर भित्र होस वा बाहिर हरेक क्षेत्र समावेसी अभियानकै रूपमा अघि बढाउनु आजको आवश्यकता भएको उनको भनाई थियो। महिलाले संचालन गरेका अधिकांश व्यवसाय तथा सेवा क्षेत्रमा सफल भएको दाबी गर्दै कोइरालाले सत्य बलियो हुने जनाए। पुस्तक पठन संस्कृतिको विकास गराउन आवश्यक भएको उल्लेख गर्दै कोइरालाले बिद्यार्थी र शिक्षकहरुले नै हिजोआज पठन पाठनमा कम ध्यान दिने गरेको गुनासो गरे। अग्रज साहित्यकार दुर्गाबहादुर शाह (बाबा) ले मानिसलाई दुःख पर्दा यस पुस्तकले आत्मविश्वास बढाउने बताए। जीवनमा सफल हुन धैय गर्नुपर्ने, ठक्कर नखाएसम्म उत्कृट लेखन शैली नहुने, अध्ययनले अज्ञानताको वोध गराउने, कसैलाई लौरो लगाउनु भन्दा प्रेमले बाध्नु पर्ने उहाँको सुझाव थियो । पराजुलीले आफ्नो समस्या बाहिर ल्याउदा समस्या समाधान र परिवर्तन हुने बाबाले विश्वास व्यक्त गरे । तिजको बेदना जस्तै जीवनको भोगाई यथार्थ जीवन उक्त पुस्तकमा रहेको उनको भनाई छ। अध्यक्ष लामिछानेले उक्त पुस्तकको परिचर्चा गर्दै एउटा एकल महिला भएकी आमाले आफुले खाई नखाई हुर्काउदै उच्च शिक्षासम्मको अध्ययन पूरा गराउदा पनि छोराहरुबाट अपहेलित हुनु पर्ने निकै दुःखको बिषय भएको बताइन् । अमेरीकासम्म छोरा पुगेको अबस्थामा पनि छोराले आमा प्रति गर्नुपर्ने दाहित्व पूरा गर्नु भन्दा आमालाई पटक पटक वचन र व्यवहारले मार्ने काम गरेको पुस्तकमा उल्लेख गरिएको छ । लेखक पराजुली १४ बर्षमै बिवाह भई पारिवारीक रुपमा वेमेल भएसंगै केही समय छुट्टिए पनि पछि श्रीमान प्यारालाइसिसको बिरामी भए पनि उनको स्याहार सुधारमा ७ बर्ष व्यतित गरेकी गोमा जीवनमा धेरै दुःख कष्ट सहनु पर्‍यो। छोराहरुले मानसिक तनाव दिन थाले पछि परिवारबाट एक्लो भएकी पराजुली आफ्नो सामाजिक भाव र मिलनसार भएका कारण पोखराका विभिन्न संघ संस्थाका व्यक्तिहरुसँग दुःख पोख्दै आएकी छन् । ५३ बर्षमा भर्ना भई कक्षा ७ सम्म अध्ययन गरेकी पराजुली हाल करिब ६० बर्ष भए पनि आफै कार हुइकाउदै विभिन्न सामाजिक संघ संस्थामा सकिए छन्। आर्थिक रुपमा कमजोर भएसंगै घर परिवारबाट एक्लिय पनि क्यान्टिन खोलेर व्यवसाय सुरु गरेसंगै उनको जीवनमा कायापलट भएको हो।



आफूले खनेको बाटोमा हिँड्न पाउनु पनि ठूलो सन्तुष्टिको कुरा भएको बताउदै लेखक पराजुलीले यही बाटाका अनेक मोडमा जे भोग्नु पर्‍यो जे देख्नु पर्‍यो त्यसैलाई पुस्तकको आकार दिएको उनले बताइन् । ५३ बर्षको उमेरमा विद्यालयमा भर्ना हुदा आफ्नो जीवनको सबैभन्दा खुसीको दिन भएको उनले स्मरण गरिन् । आफ्नो निर्णय आफैँले गरेको हुनाले ७ कक्षासम्म अध्ययन गर्न सफल भईन्। आज उनी सामान्य लेखपढ गर्न सक्ने भएकी छन्। उनले भनिन "बाल्यकालमा घाँस, दाउरा र कामको भारीले थिच्यो, बिहेपछि घरको काम र व्यवहारले फुर्सद भएन श्रीमान्को देहान्त, सन्तानको शिक्षादीक्षा सकिएपछि म एक्लो भएँ, यही एकान्तमा मैले मेरा साथीहरू पाएकी छु।"

परिवर्तनका लागि कार्य नेपाल कास्कीका अध्यक्ष गिता लामिछानेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा संचारीका समुह गण्डकी प्रदेश अध्यक्ष कविता श्रेष्ठ, संचारकर्मी कन्चन थापा लगायतले वोलेका थिए।

# पोखरामा म्याद गुर्जिएका सामान बिक्री गर्ने पसललाई जरिवाना

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

पोखरामा बजार अनुगमनका क्रममा एक 'स्टोर्स'मा म्याद सकिएको सामान बिक्री गरेको पाइएपछि सो 'स्टोर्स'लाई कारबाही गरिएको छ।

जिल्ला अनुगमन समिति कास्कीले आइतबार पोखराको मुख्य बजार चिप्लेढुङ्गामा रहेको 'भागिरथ स्टोर्स'मा अनुगमन गर्दा म्याद गुर्जिएका सामग्री बिक्री गरेर उपभोक्तालाई ठगी गरेको पाइएपछि पाएएपछि रु ५० हजार जरिवाना गरेको हो। सो स्टोर्समा म्याद गुज्रेको १३ लिटर साजन र आठ लिटर हेलो तेल गरी २१ पोका खानेतेलसहित लेवल नलगाएको झिलिङ्गा, किरा परेको २४ किलो नौ सय ग्राम सुपारी र केही कुहेको नरिवल फेला परेको थियो। ती सबै सामग्री अनुगमन समितिले नष्ट गरेको छ।

स्टोर्समा बिक्रीमा राखिएका अधिकांश सामानमा लेभल नलगाएको, म्याद गुज्रेको तीन बोतल फ्यान्टा, प्रतिकिलो रु ९७ मा खरिद गरेको चिनी रु एक सय २० मा बिक्री गरेको र पसलमा मूल्यसूची नटाँसेको भेटिएपछि उपभोक्ता संरक्षण ऐनको दफा ३८ अनुसार सो जरिवाना गरिएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार समितिले स्टोर्सका सञ्चालक विवेककुमार गुप्तालाई तीनदिन भित्र कागजपत्र लिएर जिल्ला प्रशासन कार्यालय कास्कीमा हाजिर हुन निर्देशन दिइएको छ। त्यसैगरी समितिले पोखरा-५ प्रर्स्याङमा रहेको केसी स्टोर्सलाई रु १५ हजार जरिवाना गरेको छ। स्टोर्सले नापतौलका यन्त्रसमेत दर्ता नगरेको भन्दै प्रक्रियाको लागि तीन दिनभित्र प्रशासनमा हाजिर हुन सञ्चालक तेजवहादुर केसीलाई निर्देशन दिएको छ। त्यसैगरी अनुगमन समितिले मालेपाटनमा रहेको आदर्श स्टोर्समा लेभल नलगाएको किरा परेको ओखर र कपुर फेला पारेको बताइन्छ । पोखराका दुई दर्जन खाद्य स्टोर्सको बारेमा प्रशासनमा गुनासो आएपछि समितिले अनुगमन थालेको बताइन्छ। मुख्य चाडपर्व सुरु भएसँगै स्थानीय प्रशासनले बजार अनुगमनलाई तीव्र बनाएको छ।

# 'नेपाली कांग्रेसले नेतृत्व लिनुपर्ने'

**रासस**
काठमाडौं, ८ असोज

कार्यवाहक प्रधानमन्त्री पूर्णबहादुर खड्काले संविधानमा आउने व्यावहारिक कठिनाइ समाधान गर्नका लागि नेपाली कांग्रेसले नेतृत्व लिनुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस केन्द्रीय कार्यालयमा जारी बैठकमा केन्द्रीय पदाधिकारीहरू तथा सदस्यहरूले उठाएका प्रश्न र सवालको जवाफ दिनेक्रममा उपसभापतिसमेत रहनुभएका कार्यवाहक प्रधानमन्त्री खड्काले भन्नुभयो, "विभिन्न जातजाति, समुदायको गुनासो रहँदारहँदै पनि समय क्रमअनुसार संशोधन गर्दै जाउँला भनेर तत्कालीन सभापति तथा प्रधानमन्त्री सुशील कोइरालाको नेतृत्वमा संविधान जारी भएको हो। संविधानमा केही व्यावहारिक कठिनाइ आउन सक्छन्, त्यसलाई समाधान गर्न संशोधन गर्न कांग्रेसले नेतृत्व लिनुपर्छ। आजसम्म कांग्रेसले मध्यमार्गी धारबाट नेतृत्व गर्दै मुलुकलाई डोहोर्‍याएकोमा अलिकति मात्रै तलमाथि भयो भने यी सबै उपलब्धि गर्ल्यामगुर्लुम ढल्नेछन् । यो कुरा हामीले बिर्सिनुहुँदैन ।" उहाँले संविधान बनाएपछि आठ वर्षसम्म पनि सङ्घीय लोकतान्त्रिक गणतन्त्रले परिकल्पना गरेको विषयलाई ऐन, कानून बनाएर सम्बोधन गर्न र कार्यान्वयन गर्न दलहरू चुकेको धारणा राख्नुहुँदै अब तीव्र गतिमा संविधानले परिकल्पना गरेका सङ्घीय ऐनहरू बनाएर सङ्घ, प्रदेश र स्थानीय तहको काम, अधिकार र समन्वयको सन्दर्भमा नेपाली कांग्रेसले नेतृत्व लिनुपर्ने धारणा राख्नुभयो।

# गण्डकी ...

भाग लिँदै हुनुहुन्छ, प्रतिनिधि चयनमा सर्वसम्मतको प्रयास भइरहेको छ", सचिव दवाडीले भन्नुभयो, "प्रतिनिधि छनोटसँगै अरु व्यवस्थापकीय तयारीका काममा लागिरेहका छौं।"

प्रदेश अधिवेशनमा प्रतिनिधि बनेर आउनका लागि चार केन्द्रीय सदस्यले समेत मनोनयन दर्ता गराएको एमालेले जनाएको छ । केन्द्रीय सदस्य मायानाथ अधिकारी, राजीव पहारी, कृष्ण थापा र रामशरण बस्नेतले मनोनयन दर्ता गर्नुभएको हो । विभिन्न उपसमिति गठन र परिचालन गरेर अधिवेशनको तयारीलाई तीव्रता दिइएको एमालेले जनाएको छ । यही असोज १५ र १६ गते हुने अधिवेशनले आगामी कार्यकालका लागि प्रदेशको नयाँ नेतृत्व चयन गर्नेछ । प्रदेश अध्यक्षको आकङ्क्षीमा अहिलेका अध्यक्ष नवराज शर्मा, सचिव धनञ्जय दवाडी, उपसचिव रश्मी आचार्यलगायतको नाम चर्चामा छ। केन्द्रीय सदस्यले पनि प्रदेश कमिटीको नेतृत्वमा आउने चाहना राखेर प्रतिनिधि छनोटका लागि मनोनयन दिएको बुझिएको छ । अधिवेशनको १५ गते अमरसिंह चौरमा उद्घाटन र बन्द सत्र असोज १६ गते पोखरा सभागृहमा हुने एमाले गण्डकी सचिव दवाडीले बताउनुभयो।

# अनुशासित र इमान्दारीतापूर्वक काम गर्न नगर प्रहरीलाई कावा मेयर गुरुङको निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज

पोखरा महानगरपालिकामा नयाँ भर्ना गरिएका नगर प्रहरी सोमबारदेखि कार्यक्षेत्र प्रवेश गरेका छन् ।

महानगरले ४८ जना नगर प्रहरीहरु नयाँ भर्ना गरेको थियो। उनीहरुले आफनो ४५ दिनको कठिन तालिम सम्पन्न गरेर आजदेखि कार्यक्षेत्रमा प्रवेश गरेका हुन् । कार्यक्षेत्र प्रवेशअघि पोखरा महानगरपालिकाका कार्यबाहक मेयर मञ्जुदेवी गुरुङले नगर प्रहरीहरुलाई अनुशासित, इमान्दार, जिम्मेवार र धैर्यतापूर्वक काम गर्न निर्देशन दिनु भएको छ। तपाईहरु नगर प्रहरी बन्न धैरै परिक्षा पास गरेर आउनुभएको छ उहाँले भन्नुभयो,"फेरी पनि यहाँहरुको पाइला पाइलामा परीक्षा सुरु भएको छ। त्यसैले अनुशासन, इमान्दारिता जिम्मेवार र धैर्यतालाई ध्यानमा राखेर काम गर्नसके अब्बल राष्ट्रसेवक बन्नुहुने छ।" काबा मेयर गुरुङले नगर प्रहरीले गर्ने काम र ब्यबहारले महानगरका जनप्रतिनिधि र स्वयम प्रहरी सफल हुने भन्दै महानगरका गतिबिधि, जनप्रतिनिधि र कर्मचारी नागरिक निगरानीमा रहने भएकाले महानगरको प्रतिष्ठा उच्च बनाउने गरी इमान्दारीताका साथ काम गर्न निर्देशन दिनुभयो । उहाँले गलत र नराम्रो काम गरे जागीर जाने सम्मको कारबाही हुने चेतावनी दिदै महानगरको हितमा कर्तब्य निष्ठ भएर काम गर्न आग्रह गर्नुभयो।



महानगरका प्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापाले महानगरको नीति नियमभित्र रहेर जिम्मेवारी निर्वाह गर्न आग्रह गर्नुभयो। उहाँले नियम बमोजिम गरेका काममा महानगरले संरक्षण गर्ने र कानुन विपरित गरे काबाही हुने बताउदै भन्नुभयो,"रामो काम गरे पुरस्कृत र गतल गरे दण्डीत हुन्छ।

त्यसैले इमान्दारीता र अनुशासनका साथ जिम्मेवारी निर्बाह गर्नुस ।" उहाँले चेन अफ कमाण्डमा चल्न समेत नगर प्रहरीलाई निर्देशन दिनुभयो । कार्यक्रममा पोखरा महानगरका नगर प्रहरी प्रमुख पुरुषोत्तम थापाले नगर प्रहरीको काम, कर्तब्य र अधिकारका बारेमा जानकारी गराउनुभएको थियो।


## पशु चौपायालाई लम्पी स्किन रोगबाट बचाऔं

**लम्पी स्किन रोगका लक्षणहरुः**

◆ १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने।
◆ दानापानी कम खाने र दूध उत्पादन घट्ने।
◆ छालामा गिर्खा/गाँठाहरु देखिने, केही समयपछि हराउने वा फुट्ने र किरा औंसा पर्नसक्ने।
◆ नाक, मुख, कल्चौडा र थुनमा घाऊ हुने।
◆ आँसु, र्‍याल, सिंगान आउने चिप्रा कचेरा लाग्ने।
◆ खुट्टा जोर्नि सुनिने।
◆ गोबर तथा पिसाबमा आलो रगत देखिन सक्ने।

**यस्ता लक्षण देखिएमा,**

◆ रोगी पशुलाई अलग्गै राखौं।
◆ रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो, सख्खर पानीलगायत झोलिलो पदार्थ र नरम घाँस खुवाऔं।
◆ ज्वरो आएको पशुलाई आराम गराऔं।
◆ नजिकको पशुचिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# सहमति कार्यान्वयनको अपेक्षा

चीन भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल र चिनियाँ समकक्षी प्रधानमन्त्री ली छ्याङबीच ग्रेट हल अफ दी पिपलमा भएको द्विपक्षीय वार्तापछि विभिन्न विषयमा सम्झौता र समझदारी भएको छ । विभिन्न मन्त्रालय अन्तर्गतका ती सम्झौताका सहमतिपत्रमा नेपालका तर्फबाट सम्बन्धित मन्त्रालयका सचिव तथा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ । चीनको राष्ट्रिय विकास र सुधार आयोग तथा नेपालको राष्ट्रिय योजना आयोगबीच सहकार्यका लागि सम्झौता भएको छ । सम्झौतामा आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठ र चिनियाँ अधिकारीले हस्ताक्षर गरेका छन् ।प्रधानमन्त्री दाहालको भ्रमणमा चीनसँग पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा सिधा उडान हुने अपेक्षा संझौतामा पर्न सकेको छैन ।भ्रमण अघि गरिएका सपिङ लिष्ट सबै पर्न सकेको छैन । भ्रमणमा दुई देशबीचको सम्बन्ध मजबुत बनाउँदै लानु महत्त्वपूर्ण हो ।

नेपालको उत्तरी पहाडी क्षेत्रमा विभिन्न वस्तुको उत्पादन र वितरण सम्बन्धी सन् २०१७ को नेपाल-चीन समझदारीपत्र राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच आदानप्रदान भएको छ। चीनको राष्ट्रिय विकास तथा सुधार आयोग र नेपालको अर्थ मन्त्रालयबीच डिजिटल अर्थतन्त्र बढाउने विषयमा सहकार्यका लागि सम्झौता भएको छ । त्यसैगरी चीनको आयोग र नेपालको वन तथा वातावरण मन्त्रालयबीच हरित तथा न्यून कार्बन विकासका लागि सहकार्य गर्ने विषय राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ। त्यस्तै, चीनको कृषि तथा ग्रामीण सम्बन्ध मन्त्रालय र नेपालको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच कृषि, पशुपन्छी र माछापालनको विकासका लागि सहकार्य गर्ने विषयका लागि पनि सहमति भएको छ। यसमा कृषि तथा पशुपन्छी मन्त्रालयका पशुपन्छी विकास सचिव डा. रेवतीरमण पौडेल र चिनियाँ अधिकारीले हस्ताक्षर गरेका छन् ।

चीनको वाणिज्य मन्त्रालय र नेपालको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबीच सन् १९८१ मा भएको चीन-नेपाल व्यापार र भुक्तानी सम्झौताको समीक्षा र परिमार्जनका लागि संयुक्त प्राविधिक कार्य समूह गठन गर्ने विषयमा पनि सहमति भएको छ। सहमतिपत्रमा वाणिज्य तथा आपूर्ति सचिव मधुकुमार मरासिनी र चिनियाँ अधिकारीले हस्ताक्षर गरेका छन् । चीनको सामान्य प्रशासन, भन्सार मन्त्रालय र नेपालको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच नेपालबाट चीनमा औषधि उत्पादनका लागि वनस्पति निर्यात सम्बन्धी प्रोटोकलमा सहमति भएको छ । प्रोटोकलमा कृषि तथा पशुपन्छी मन्त्रालयका पशुपन्छी विकास सचिव डा. रेवतीरमण पौडेल र चिनियाँ अधिकारीले हस्ताक्षर गरेका छन् ।

चिनियाँ प्रेस तथा प्रकाशन विभाग र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच प्राचीन ग्रन्थ अनुवाद र प्रकाशन गर्ने विषयमा सहमति भएको छ। सहमतिपत्रमा नेपालको तर्फबाट राजदूत श्रेष्ठले हस्ताक्षर गरेका छन्।धेरै मन्त्रालय र क्षेत्र समेटेर जानू सम्बन्ध गहिरिदै जानू हो ।यो भ्रमण सम्बन्ध विस्तारमा सफल मान्नुपर्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र चीनको विज्ञान तथा प्रविधि मन्त्रालयबीच विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा सहकार्य गर्ने विषयमा सम्झौता भएको छ । सम्झौतामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सुरेश अधिकारीले हस्ताक्षर गरेका छन् । यस्तै, प्रकोप सामग्री, मानव संशाधन र हिल्सा-सिमकोट सडक परियोजनाका विषयमा राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच सहमतिपत्रमा हस्ताक्षर भएको छ । सहमति र संभौता कार्यान्वयन हुन सकेमा उपलब्धि मान्न सकिन्छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : मन चञ्चल | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# श्रमदान गरेर सडक मर्मत

पोखरापत्र संवाददाता
म्याग्दी, ८ असोज

म्याग्दीको मालिका गाउँपालिका-३, डाँडागाउँमा नेकपा (माओवादी केन्द्र) का नेता-कार्यकर्ताले श्रमदान गरी सडक मर्मत गरेका छन् ।

जनता संग माओवादी रुपान्तरण अभियान कार्यक्रमअन्तर्गत वर्षातका कारण अवरुद्ध सडक खुलाउन शनिबार र आइतबार श्रमदान गरेका हुन् । अधिभारादेखि वडा कार्यालय रहेको किटिनी जोड्ने सडक स्थानीयवासी, जनप्रतिनिधि र माओवादी पार्टीका कार्यकर्ताको सहभागितामा मर्मत गर्न श्रमदान गरिएको माओवादी केन्द्र मालिका गाउँ कमिटीका सचिव लालबहादुर घतानेले जानकारी दिनुभयो । "स्थानीयवासीको आवश्यकताअनुसार विभिन्न चार वटा समूहमा विभाजन भएर सडकमा खसेको पहिरो पन्छाउने काम गरिएको हो", उहाँले भन्नुभयो, "२० जनाभन्दा बढी नेता कार्यकर्ता, जनप्रतिनिधि र सर्वसाधारण श्रमदानमा सहभागी हुनुभयो ।" अदिभारा, औला, डाँडागाउँ र किटिनी खण्डमा सडक मर्मत गरिएको थियो । वर्षाका कारण भत्किएको सडक मर्मतमा श्रमदान कार्यक्रमले सहयोग पुगेको वडाध्यक्ष मोतिप्रसाद बुढाले बताउनुभयो । विभिन्न ठाउँमा पहिरो पन्छ्याउने, पर्खाल निर्माण, नाली निर्माण र मर्मत गर्नेलगायत काम गरिएको छ । "वडा र पालिकाको बजेटले मात्र अवरुद्ध सडक खुलाउन सम्भावना थिएन, अहिले श्रमदान कार्यक्रमले सहज भएको छ", वडाध्यक्ष बुढाले भन्नुभयो, "सडक सञ्चालन भएपछि स्थानीयवासीसँगै छिमेकी जिल्ला तमान गाउँपालिका आवतजावत गर्ने यात्रु र खाद्यान्न ढुवानीमा समेत सहज भएको छ ।

# आकर्षणको केन्द्र बन्दै ताल झरना

पोखरापत्र संवाददाता
म्याग्दी, ८ असोज

हिमाली जिल्ला मनाङको प्रवेशद्वार ताल गाउँ । मर्स्याङ्दी नदीको किनारैमा रहेको गाउँलाई दुई झरनाको बीचमा राखी कलकल पानी झर्दा अझ सुन्दरता थपिएको छ । जिल्ला प्रवेश गर्नासाथ एकसाथ झुप्पा बनेर बसेको तालगाउँ र झरनाले स्वागत गर्छ । तालगाउँको सुन्दरताको रूपमा रहेको दुई झरना जिल्ला प्रवेश गर्नासाथ स्वागत गरेको आभास हुन्छ ।

जो कोहीलाई पनि यी सुन्दर झरना र यहाँका बस्तीले आकर्षित गर्छन् । पर्यटकलाई स्वागत गर्ने यी झरना अहिले आकर्षणको केन्द्र बन्दै गएको छ । स्थानीय युवासँगै यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकको आषर्कणको केन्द्र बनेको छ । ताल गाउँ पुगेपछि यस झरनामा फोटो, भिडियो र यहाँको पानीसँग नखेलेसम्म यहाँबाट कोही पनि बाहिरिने गर्दैनन् । होटल व्यवसायी अन्जु तामाङ भन्नुहुन्छ, "हाम्रो होटल माथिबाट झरनाको पानी खसिरहेको देखिन्छ भन्छन्, यहाँ टिकटक, ब्लग बनाउने युवाको आकर्षणको केन्द्र बनेको छ ।" यहाँ आएर सामाजिक सञ्जालमा सेयर गर्न यस झरनामा आउने युवाको लर्को लाग्ने गरेको उहाँले बताउनुभयो। आफ्नो मेरो होटल माथिबाट झरनाको पानी झरिरहेको जस्तो देखिन्छ भन्दै होटलको आगनमा धेरैले टिकटक बनाएको उहाँले सुनाउनुभयो । प्राय यहाँ अहिले युवा सामाजिक सञ्जालमा सेयर गर्नकै लागि झरनामा आउनेको सङ्ख्या बढ्दै गएको छ । नासों गाउँपालिका-१ का वडाध्यक्ष मीनराशी गुरुङले यहाँको झरनाको पूर्वाधार निर्माण गर्नु आवश्यक रहेको बताउनुभयो । पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको अवस्थामा यहाँको पूर्वाधार निर्माणलाई प्राथमिकता दिनुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो । वडाध्यक्ष गुरुङले भन्नुभयो, "यहाँको पर्यटकीय क्षेत्रको रूपमा विकास र पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्न समन्वय गरिरहेको छु, प्राकृतिक स्रोतको उपयोग गरी आयआर्जनसँग जोड्ने गरी विकास गर्न आवश्यक रहेकाले सोहीअनुसार काम गर्ने लक्ष्य बनाएका छौँ ।" पिसल्याण्ड होटलका सञ्चालक गुरु गुरुङले यस झरनामा रमाउन आउने पर्यटकका कारण यहाँको व्यवसायलाई सहयोग पुग्ने बताउनुभयो । "बाह्य पर्यटक त पदयात्रामा आउने भएकाले यहाँ बस्दा झरनामा रमाउँछन् नै, तर झरनामा रमाउनकै लागि आन्तरिक पर्यटक आउने गरेका छन्", उहाँले भन्नुभयो । आन्तरिक पर्यटक आउँदा पनि होटल व्यावसायीलाई सहयोग पुग्ने उहाँले बताउनुभयो ।


# शिक्षक आवश्यकता

प्रकाशित मितिः २०८०/०६/०७

मादी गाउँपालिका कास्कीको मिति २०८०/०६/०७ च.नं. ४३९ को प्राप्त अनुमति र यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०६/०७ गतेको निर्णयानुसार विद्यालयमा रिक्त रहेको प्राथमिक तहको दरबन्दीमा करारमा शिक्षक नियुक्ति गर्न तपसिल बमोजिमको योग्यता पुगेका उम्मेदवारहरबाट दरखास्त आव्हानको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल
विज्ञापन नं.: ०१-२०८०/०८१
पदः प्रा.वि., तृतीय श्रेणी आवश्यक शिक्षक संख्याः १ जना
तलब सुविधाः नेपाल सरकारको प्रचलित नियम सरह
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
किसिमः करार निवेदन दस्तुरः रु १०००।-
योग्यताः प्रमाणपत्र तह वा सो सरह
आवश्यक कागजातहरुः
- शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु ।
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
- स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि ।
- निरोगिताको प्रमाणपत्र ।

दरखास्त दिने अन्तिम मितिः २०८०/०६/२१ गतेसम्म
सम्पर्क मितिः २०८०/०६/२२ गते दिनको ४:०० बजेसम्म ।
परीक्षाको किसिमः लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक
परीक्षा मितिः सम्पर्कका दिन तोकिने छ ।
थप जानकारीका लागि: प्र.अ. ९८४६४२२९२२, स.प्र.अ. ९८६९१४१०९२ र वि.व्य.स. अध्यक्ष ९८१०२२९७५३ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**श्री विद्या ज्योति आधारभूत विद्यालय**
मादी-५, ठूलास्वाँरा, कास्की


# स्वास्थ्य चौकी जाने बाटो नहुँदा नयाँ भवन प्रयोगविहीन

पोखरापत्र संवाददाता
बागलुङ, ८ असोज

सरसफाइ गरेर बिरामीको दैनिक आउजाउ हुनुपर्ने स्वास्थ्य चौकी भवन झाडीभित्र छ । झाडीले घेरिएकोले भवन जीर्ण बन्न लागिसक्यो तर प्रयोग हुने कहिले भन्ने यकिन छैन ।

काठेखोला गाउँपालिका-२ भीमापोखरा स्वास्थ्य चौकीको भवन बनेको तीन वर्ष पुगिसक्यो । आकर्षक ढुईतले पक्की भवनमा अहिले ताला लगाइएको छ । वरिपरि झार उम्रेको छ । बाहिरबाट हेर्दा यो झाडीभित्रको जीर्ण घरजस्तो देखिन्छ । झण्डै रु तीनकरोड लागतमा बनेको यो भवन अलपत्र परिरहेको बेला नजिकै को पुरानो भवनमा भने ठाउँ नपुगेर सेवा प्रवाह गर्न बाध्य भइरहेको स्वास्थ्यकर्मीले बताउनुभयो । नयाँ भवनबाट दिनुपर्ने सेवा पुरानो भवनबाट दिँदा ठाउँ अभाव भएको छ । 'बर्थिङ सेन्टर'समेत रहेको भीमापोखरामा प्रसूति कक्ष, बिरामी जाँच, स्वास्थ्यकर्मीको आवाससहित प्रशासन कक्ष र 'कोल्डचेन' कोठा बनाउन पुग्ने गरी भवन भने अलपत्र परेको हो । भवन बनिसकेर पनि स्वास्थ्य चौकीमा जाने सडक नभएपछि अलपत्र परेको हो । पहिला पूर्वी खण्डबाट जाने सडक बनाउने सहमतिअनुसार भवन बनेको थियो भने अहिले पश्चिमतर्फको जग्गा खोजी भएकोमा जग्गावालाले नदिएर भवन उपयोगविहीन भएको स्थानीयले बताएका छन् । "हामीले पूर्वतर्फको बाटोमा जोड्ने गरी भवन बनाएका हौँ, तर अहिले घर जोखिममा पर्ने भएर सडक जोडिएको छैन", काठेखोला गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख सोम शर्माले भन्नुभयो, "पश्चिमतर्फको सडक खुलाउने सहमति भइसकेकाले ढिला भएको हो ।" तत्काल सरोकारवालाको छलफल राखेर बाटो खुलाउने उहाँले बताउनुभयो ।

स्वास्थ्य चौकीका प्रमुख आशिस सापकोटाले भवन बनिसकेपछि सरुवा भए़र आएकाले पूर्वशर्त के कस्तो भएका छन् भन्ने बुझ्न नसकेको जानकारी दिनुभयो। पूर्वसहमति भएको तर्फको सडक नखुलाइएको र पछि नजिक परेपछि जग्गा माग्दा नपाएको उहाँले बताउनुभयो । बनेको भवन जीर्ण भएको तर पुरानो भवनमा बसेर काम गर्न अप्ठेरो भएको उहाँको अनुभव छ । भवनभित्र आवास भए पनि उनी डेरामा बस्ने गरेका छन् पुरानो भवनमा भने पानी चुहिएकाले सामान सुरक्षित राख्नसमेत कठिन छ । सुरक्षित सुत्केरी सेवा पनि दिनुपर्ने स्वास्थ्य चौकी पुरानै भवनमा चलेकाले धेरै नयाँ भवन प्रयोग गर्न सुझाएका छन् । स्वास्थ्य चौकीमा दक्ष प्रसूतिकर्मीको दरबन्दी छ तर कोठा अभावमा गोपनीयता नहरेको गुनासो छ । उपचारपछि राख्ने कोठा तथा सरसफाइका लागि भित्रै शौचालयको अभाव छ । नयाँ भवनमा सबै व्यवस्थापन भए पनि सञ्चालनमा आउन नसकेको हो । बनेको भवन हालको सडकदेखि सिँढीबाट झर्नुपर्ने स्थानमा छ । पश्चिमतर्फ बाँसघारी छ । त्यो फाल्दा पहिरो जाने खतरा छ भने पूर्वतर्फ सडक खन्दा दुईवटा घर बग्ने जोखिम छ । स्थानीयले चार रोपनी जमिन दिएपछि भवन बनाउने अवसर पाए पनि प्रयोगमा ल्याउन समस्या भएको वडा अध्यक्ष विद्यापति शर्माले बताउनुभयो । "कसैले जग्गा नदिएर काम रोकिएको भन्ने हल्ला चलेको रहेछ",उहाँले भन्नुभयो, "जोखिम बहन गर्न नसकिएला भनेर ढिला गरेका हौँ ।"

भवन सञ्चालनमा ढिला भएकाले उपचारमा आउने बिरामी पनि फर्कने सदरमुकाम जाने गरेको स्थानीय गीता शाहीले बताउनुभयो। "भवन जीर्ण भएको र नयाँमा सर्न नपाएकोले बिरामीले गाडी भेटेसम्म सदरमुकाम धाउँछन्", उहाँले भन्नुभयो, "कसको पहलले भवन सञ्चालनमा आउने होला ?" समयमा भवन चल्न नसके जीर्ण भएर जाने उहाँले चिन्ता व्यक्त गर्नुभयो । गाउँपालिका अध्यक्ष राजु थापाले स्थानीयका घरमा असर नपर्ने गरी बाटो खोलेर स्वास्थ्य चौकी सञ्चालन गर्न छलफल भैरहेको बताउनुभयो ।

# अठार स्वास्थ्य संस्था औषधीविहीन

पोखरापत्र संवाददाता
पर्वत, ८ असोज

निर्धारित मितिभन्दा झण्डै तीन महिनासम्म पनि नगरसभा नहुँदा पर्वतको कुश्मा नगरपालिकाभित्र रहेका १८ स्वास्थ्य संस्था औषधिविहीन बनेका छन् । जिल्लाको सदरमुकाममसेत रहेको कुश्मा नगरपालिकाको नगरसभा नहुँदा सबैभन्दा बढी स्वास्थ्य क्षेत्र प्रभावित बनेका हुन् ।

असार १० गतेभित्र गर्नुपर्ने नगरपालिकाको सभा असोज पहिलो सातासम्म पनि हुनसकेको छैन । सभाबाट बजेट पारित नहुँदा नगरभित्र रहेका १४ वटै वडाका स्वास्थ्य संस्थामा औषधि खरिद गर्न नसकिएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख यमप्रसाद शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार नगरभित्र रहेका स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र गरी १८ स्वास्थ्य संस्था औषधिविहीन बनेका छन् । ती स्वास्थ्य संस्थामा उपचारका लागि जाने बिरामीले औषधि नपाएर रित्तै हात फर्कनुपरेको छ । सरकारी स्वास्थ्य संस्थाबाट निःशुल्क पाइने औषधि पनि सेवाग्राहीले निजी क्लिनिकमा पुगेर महँगो मूल्यमा खरिद गर्ने गरेको कुश्मा नगरपालिका-१२ ठूली पोखरीका अहेब पठी धामीले बताउनुभयो । स्वास्थ्य संस्थाबाट २८ किसिमका औषधि निःशुल्क पाउने व्यवस्था सरकारले गरेको शाखा प्रमुख शर्माले बताउनुभयो । उहाँका अनुसार गत आर्थिक वर्षमा खरिद गरेको औषधि सकिएको छ । उहाँले सबै स्वास्थ्य संस्थामा औषधि र स्वास्थ्य औजार नभएको गुनासो आएपनि पठाउन नसकिएको बताउनुभयो । "नगरसभा नभएका कारण स्वास्थ्य मन्त्रालयले अनुदानमा पठाएको बजेटबाट औषधि खरिद गर्न पाइएको छैन । नगरसभा भए पालिकाले दररेट स्वीकृति दिएपछि मात्रै खरिद प्रक्रिया अगाडि बढाउने हो", शर्माले भन्नुभयो, "अहिले वर्षाको समय छ । गाउँमा भाइरल ज्वरो, आँखा पाक्नेलगायत रोग फैलिँदा औषधि दिन सकिएको छैन ।" नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख शर्माका अनुसार नगरसभा अवरुद्ध हुँदा सुरक्षित मातृत्व तथा सुत्केरी, स्वास्थ्य शिक्षा, महामारीविरुद्धको कार्यक्रम, महिला स्वास्थ्य स्वयमंसेविकालगायत २० प्रकारका महत्वपूर्ण स्वास्थ्य कार्यक्रम ठप्प बनेका छन् । स्वास्थ्य क्षेत्रमा केन्द्रबाट आउनुपर्ने अनुदान रकम तलबभत्ता बापतको रू चार करोड ५० लाख र स्वास्थ्य कार्यक्रमबापतको रू तीन करोड रकम आइसकेको उहाँले जानकारी दिनुभयो । रकम आइसके पनि नगरसभा हुन नसक्दा कुनै काम गर्न नसकिएको उहाँको भनाइ थियो । नगर स्वास्थ्य शाखाका अनुसार जिल्ला अस्पतालबाहेक चार वटा स्वास्थ्य संस्थाबाट प्रसूति सेवा दिइन्छ । ठूली पोखरी प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख भीमकुमारी शर्माले सुत्केरीले पाउनुपर्ने रकम आफूले खल्तीबाट दिने गरेको बताउनुभयो । आर्थर स्वास्थ्य चौकीका इन्चार्ज चन्द्रकान्त गौतमले ज्वरो, रुघाखोकीका कारण बिरामीको चाप बढ्दै गएको बताउँदै औषधि अभाव हुनाले बिरामीलाई निःशुल्क दिइने औषधि पनि दिन नसकिएको जानकारी दिनुभयो । उहाँका अनुसार स्वास्थ्य चौकीमा सामान्य रोगको औषधिसमेत छैन । स्वास्थ्य क्षेत्र मात्र नभइ कृषि, शिक्षा, महिला तथा बालबालिकालगायत अन्य विकास निर्माणका कामसमेत प्रभावित बनेको वडाध्यक्ष तेजप्रसाद शर्माले बताउनुभयो । सुत्केरीले यातायात खर्चबापत पाउनुपर्ने रु दुई हजार पछि नगरपालिकाबाट लिने गरी खल्तीबाट भुक्तानी गरिरहेको उहाँले जानकारी दिनुभयो ।


# श्रमदान गरेर सडक मर्मत

पोखरापत्र संवाददाता
म्याग्दी, ८ असोज

म्याग्दीको मालिका गाउँपालिका-३, डाँडागाउँमा नेकपा (माओवादी केन्द्र) का नेता-कार्यकर्ताले श्रमदान गरी सडक मर्मत गरेका छन् ।

जनता संग माओवादी रुपान्तरण अभियान कार्यक्रमअन्तर्गत वर्षातका कारण अवरुद्ध सडक खुलाउन शनिबार र आइतबार श्रमदान गरेका हुन् । अधिभारादेखि वडा कार्यालय रहेको किटिनी जोड्ने सडक स्थानीयवासी, जनप्रतिनिधि र माओवादी पार्टीका कार्यकर्ताको सहभागितामा मर्मत गर्न श्रमदान गरिएको माओवादी केन्द्र मालिका गाउँ कमिटीका सचिव लालबहादुर घतानेले जानकारी दिनुभयो । "स्थानीयवासीको आवश्यकताअनुसार विभिन्न चार वटा समूहमा विभाजन भएर सडकमा खसेको पहिरो पन्छाउने काम गरिएको हो", उहाँले भन्नुभयो, "२० जनाभन्दा बढी नेता कार्यकर्ता, जनप्रतिनिधि र सर्वसाधारण श्रमदानमा सहभागी हुनुभयो ।" अदिभारा, औला, डाँडागाउँ र किटिनी खण्डमा सडक मर्मत गरिएको थियो । वर्षाका कारण भत्किएको सडक मर्मतमा श्रमदान कार्यक्रमले सहयोग पुगेको वडाध्यक्ष मोतिप्रसाद बुढाले बताउनुभयो । विभिन्न ठाउँमा पहिरो पन्छ्याउने, पर्खाल निर्माण, नाली निर्माण र मर्मत गर्नेलगायत काम गरिएको छ । "वडा र पालिकाको बजेटले मात्र अवरुद्ध सडक खुलाउन सम्भावना थिएन, अहिले श्रमदान कार्यक्रमले सहज भएको छ", वडाध्यक्ष बुढाले भन्नुभयो, "सडक सञ्चालन भएपछि स्थानीयवासीसँगै छिमेकी जिल्ला तमान गाउँपालिका आवतजावत गर्ने यात्रु र खाद्यान्न ढुवानीमा समेत सहज भएको छ ।

